नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७५/०७६

चलानी नं.:- ९९१

मिति :- २०७६।०१।२९

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषय- परिपत्र ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय (७ वटै प्रदेश),
श्री स्थानीय तह (७५३ वटै)

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम विभिन्न मितिहरुमा भएको समायोजनको निर्णयअनुसार तहाँ प्रदेश/स्थानीय तहहरुमा समायोजन भएका कर्मचारीहरुलाई पदस्थापना गर्दा स्वीकृत दरवन्दी र समायोजन भएका कर्मचारीहरुको तहको विषयमा द्विविधा भएको भनी विभिन्न प्रदेश र स्थानीय तहहरुबाट जानकारी हुन आएकोमा स्वीकृत दरवन्दीमा देहायअनुसार पदस्थापन गर्ने व्यवस्था हुन यस मन्त्रालयको मिति २०७६।०१।२९ को निर्णयानुसार (सचिवस्तर) अनुरोध गर्दछु ।

तपशिल

क. <u>स्वीकृत दरबन्दीमा पदस्थापना सम्बन्धमा</u>

| क्र.सं. | स्वीकृत दरवन्दी | पदस्थापन हुने तह |
|---|---|---|
| १ | खरिदार वा सहायक चौथो तहको दरबन्दीमा | साविकको रा.प.अनं. द्वितीय श्रेणीको खरिदार वा सो सरहबाट समायोजन भएका चौथो तह वा पाँचौ तहका कर्मचारीहरु |
| २ | नायब सुब्बा वा पाँचौ तहको दरबन्दीमा | साविकको रा.प.अनं.प्रथम श्रेणीको नायब सुब्बा वा सो सरहबाट समायोजन भएको पाँचौ तह वा छैटौ तहका कर्मचारीहरु |
| ३ | शाखा अधिकृत वा अधिकृत सातौं/आठौं तहको दरबन्दीमा | साविकको रा.प.तृतीय श्रेणीको शाखा अधिकृत वा सो सरहबाट समायोजन भएको सातौ र आठौ तहका कर्मचारीहरु |

ख. **<u>दरबन्दी संरचनामा संशोधन सम्बन्धमाः</u>** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा "**कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन् । सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ**" भन्ने व्यवस्था भएकोले कर्मचारी समायोजनको कार्य सम्पन्न भएपश्चात आआफ्नो निकाय वा

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०७५/०७६

चलानी नं.:- 321

मिति :- २०७६।०१।२९

अन्तर्गतका कार्यालयहरुको संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सकिने व्यहोरा अनुरोध छ ।

ग. <u>**कर्मचारीको सरुवा सम्बन्धमा:**</u> कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (१) मा "**प्रचलित कानुनमा जुन सुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई प्रदेश कानुनमा तोकिएको अवधी पुरा भएपछि सम्बन्धित प्रदेश वा अन्तर्गतका कार्यालयमा सरुवा गर्न सकिनेछ**" भन्ने व्यवस्था भएकोले सोही बमोजिम हुन अनुरोध छ ।

०७६/१/२९

शालिकराम दाहाल
उप सचिव

**सादर अवगतार्थ**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ।